## बैठक नं. ९

नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका, २०८० बमोजिम गठन भएको जिल्ला सरकारी वकील कार्यालय बर्दिया तहको समन्वय समितिको बैठक आज मिति २०८१।०३।२३ गते आईतबार, जिल्ला सरकारी वकील कार्यालय, बर्दियामा देहायको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

श्री नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, बर्दिया : अध्यक्ष

श्री रोशनकुमार कठायत, सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, बर्दियाः सदस्य

श्री प्रविण धिताल, प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, बर्दियाः सदस्य

डा. आरिफ तेली, मेडिकल अधिकृत, बर्दिया अस्पतालः सदस्य

श्री शिवराज पौडेल, सहायक जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, बर्दिया : सदस्य सचिव

**आमन्त्रित सदस्य**

श्री प्रविण विडारी, डिभिजनल वन अधिकृत, डिभिजन वन कार्यालय, बर्दिया

**आमन्त्रितः**

श्री कपिल पौडेल श्रेस्तेदार, बर्दिया जिल्ला अदालत ।

श्री कृष्णबहादुर खड्का, प्रमुख मालपोत अधिकृत, भुमिसुधार तथा मालपोत कार्यालय, गुलरिया ।

श्री धनबहादुर शाही, भन्सार अधिकृत, राजापुर भन्सार कार्यालय, बर्दिया

श्री कासीप्रसाद पंगेनी, कारागार प्रशासक, कारागार कार्यालय, बर्दिया

श्री कमलप्रसाद पाण्डे, अध्यक्ष, बर्दिया जिल्ला अदालत बार एशोसिएसन

श्री भगवती शर्मा पौडेल, टाईपिष्ट नायव सुब्बा, जिल्ला सरकारी वकील कार्यालय, बर्दिया

**प्रस्तावहरु**

१) क्राइम रेकर्ड डाटा सम्बन्धमा ।

२) मुद्दाको अन्तिम किनारा भएको विवरण सम्बन्धमा ।

**निर्णयहरूः**

१) प्रस्ताव नं १ का सम्बन्धमा छलफल गर्दा प्रहरीबाट अनुसन्धान भएका मुद्दाहरुमा प्रतिवादीहरुले विगतमा फौजदारी कसूरमा मुद्दा चले नचलेको सम्बन्धमा क्राइम रेकर्ड सिस्टममा चेक गरी प्रतिवादीहरु उपर मुद्दा चलेर सजाय अन्तिम भएको अवस्थामा पटके कसूरदारको रुपमा समेत अनुसन्धानको क्रममा सजाय भएको फैसलाको विवरण संकलन गरी कानूनले तोके बमोजिम थप सजायको समेत सरकारी

वकीलबाट अभियोजनको क्रममा मागदावी लिने गरिएको छ । तर वन, निकुञ्ज र भन्सार लगायतका अनुसन्धान गर्ने निकायबाट सरकारवादी फौजदारी मुद्दामा सरकारी वकीलबाट निर्णय भई अभियोजन भएका मुद्दाहरुमा प्रतिवादीहरुलाई सजाय भएको अवस्थामा समेत देशभरीको क्राइम रेकर्ड डाटा अनुसन्धान गर्ने निकायहरुले तत्काल खोजी हेर्ने सफ्टवयेर प्रणाली नभएकाले सरकारी वकीलबाट निर्णय र अभियोजन भएका सरकारवादी फौजदारी मुद्दाको एकिकृत क्राइम रेकर्ड डाटा बेस सिस्टम बनाउन आवश्यक भएकाले सो सम्बन्धमा आवश्यक पहल गर्न उच्च सरकारी वकील कार्यालय तहको समन्वय समिति र महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा रहेको समन्वय समितमा अनुरोध गर्ने निर्णय गरियो ।

२) प्रस्ताव नं २ का सम्बन्धमा छलफल गर्दा सरकारी वकीलबाट अभियोजन र निर्णय भएका मुद्दाहरुमा पुराना हाल कार्यालयमा रेकर्ड नभएका तथा बीस वर्ष भन्दा पुराना मुद्दाहरुमा समेत व्यक्तिले व्यक्तिगत रुपमा तथा प्रहरीमा विदेश जान तथा चारित्रिक विवरण पत्र तयार गर्ने प्रयोजनका लागि तथा देशभरका विभिन्न कारागार कार्यालयहरुबाट समेत अर्धन्यायिक निकाय र अदालतबाट फैसला भएका मुद्दाहरुमा विभिन्न प्रयोजनका लागि कैदीहरुले वादी नेपाल सरकारको तर्फबाट मुद्दाको अन्तिम किनारा भए नभएको सम्बन्धमा विवरण माग गर्ने गरेकोमा कार्यालयको रेकर्डमा नभेटिएका मुद्दाको फाईलहरुको सम्बन्धमा रेकर्ड नहेरी मुद्दाको अन्तिम भएको पत्र लेख्न कठिनाई हुने भएकाले सरकारी वकील कार्यालयको अभिलेखमा मुद्दाको रेकर्ड नभेटिएको अवस्थामा मुद्दाको अन्तिम किनारा भएको विवरणको जानकारी माग गर्न आउने सेवाग्राहीलाई शुरु मुद्दा हेर्ने निकाय तथा अदालतमा भएको मुद्दाको रेकर्ड हेरी के कुन तरिकाले जानकारी दिने सम्बन्धमा आवश्यक निकाशाका लागि उच्च सरकारी वकील कार्यालय तहको समन्वय समिति र महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा रहेको समन्वय समितिमा अनुरोध गर्ने निर्णय गरियो ।

२०८१।३।१२